# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र सं. :- ०८०/०८१
चलानी नं.:- १०९६

मिति : वि.सं.२०८०/१०/१७
ने.सं.: ११४४, पोहेलागा, ५ बुधवार

विषय : विवरण उपलब्ध गराई दिने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै (११ वटा),
मिथिला नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधामको पत्र सं.०८०/०८१(प्रशा.) चलानी नं.१००९० मिति २०७८/१०/१६ गतेको पत्र तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा (१०क) को उपदफा (१) बमोजिम सर्भे नापी नक्साबाट वा लालमोहर, खड्ग निशाना, ताम्रपत्र, शिलापत्र वा त्यस्तै आधिकारीक लिखतबाट देखिएका सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुँवा, गौचर, निकास इत्यादीको विवरण ७ (सात) दिन भित्र उपलब्ध गरि दिनुहुन अनुरोध छ ।

२०।१०

...................
राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**कार्यार्थः-**
श्री जिन्शी उप-शाखा मि.न.पा. - समन्वय गरि अभिलेख राख्नु हुन ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, धनुषा
जनकपुरधाम
कार्यालय :- ०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np
daodhanusha20@gmail.com

पत्र संख्या : ०८०/०८१(प्रशा.)
चलानी नं.: १००९०

मिथिला नगरपालिका
... , धनुषा
दर्ता नं. ३०६५
मिति २०८०/१०/१६

मिति:- २०८०/१०/१६

विषय : विवरण उपलब्ध गराई दिने सम्बन्धमा ।

श्री स्थानीय तह सबै, धनुषा ।
श्री भूमिसुधार तथा मालपोत कार्यालय, धनुषा ।
श्री नापी कार्यालय, धनुषा ।
श्री गुठि संस्थान, शाखा कार्यालय, धनुषा ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, गुनासो व्यवस्थापन शाखाको च.नं. ४६० मिति २०८०/१०/१५ गतेको प्राप्त पत्रको छायाप्रति यसैसाथ संलग्न छ । व्यहोरा सोहीवाट अवगत गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा १०क(१) बमोजिम अभिलेख तयारी गरी यथाशिघ्र यस कार्यालयमा उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

(४) प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंसक जनवारले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा ■नगरपालिका वा ⊃गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाइदिन वा •^नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ ।

(५) कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो विक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले ■एक हजार रूपैयाँसम्म जरिवाना वा तीन महीनासम्म कैद गर्न वा दुबै सजाय गर्न सक्नेछ । प्रमुख जिल्ला अधिकारीले दिएको सजायमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र ⊃जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(६) प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटी पौवा, ●तल धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्की बिग्री, नोक्सान हुन लागेमा त्यसको धनी, वारिस ■नगरपालिका वा ⊃गाउँपालिका वा गुठी संस्थानद्वारा मरमत गर्न लगाउनु पर्दछ ।

▲(६क) सरकारी जग्गा ⊠सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभै कसैले घर बनाउनु हुँदैन । कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ । त्यस्तो आदेश दिँदा घर बनाई सकेको वा बनाईरहेको भए एक महिनाभित्र घर भत्काई लैजान समेत आदेश दिन सक्नेछ । सो म्यादभित्र घर भत्काई नलागेमा त्यस्तो घर बनाउनेलाई प्रमुख जिल्ला अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिबाना गरी त्यस्तो घर भत्काउन सक्नेछ र त्यसरी घर भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल गर्न सक्नेछ ।

स्पष्टीकरण: ˣ............

⊠(७) मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा

---

■ तेस्रो संशोधनद्वारा संशोधित ।

⊃ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

• चौथो संशोधनद्वारा संशोधित ।

^ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

▲ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा थप ।

⊠ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

ˣ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा झिकिएको ।

(२) "छाडा गाई वस्तु" भन्नाले गाई वस्तुको धनीले गोठाला वा अरू कुनै व्यक्ति नलगाई सडक बाटोमा छोडिराखेको गाई वस्तु सम्झनु पर्छ ।

+(१२) उपदफा (११) उल्लंघन गर्ने गाई वस्तुको धनीलाई प्रमुख जिल्ला अधिकारीको आदेशले ☑तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँ जरिबाना हुनेछ र उक्त सजायको आदेश उपर ❍जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

तर छाडा गाई वस्तुको धनीले पुनरावेदन सुन्ने अदालतबाट सफाई पाए पनि उपदफा (११) बमोजिम छाडा गाई वस्तुको लिलाम वा हस्तान्तरण भइसकेको कुरामा सो अदालतको फैसलाले कुनै प्रतिकूल असर पारेको मानिने छैन ।

✕१० ... ... ... ... ... ...

❍१०क. सार्वजनिक सम्पत्तिको अभिलेख : (१) सर्भे नापी नक्सावाट वा लालमोहर, खड्ग निशाना, ताम्रपत्र, शिलापत्र वा त्यस्तै आधिकारिक लिखतबाट देखिएका सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादिका लगत प्रमुख जिल्ला अधिकारीको कार्यालयले तैयार गरी त्यसको अभिलेख राखी त्यसको एक एक प्रतिलिपि मालपोत कार्यालय र ❍गाँउपालिका वा नगरपालिकाको कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले आवाद गर्न वा आवाद गर्ने अनुमति दिनु हुँदैन । आवाद गरेमा वा गर्न अनुमति दिएमा सो गर्न वा गर्ने अनुमति दिने व्यक्तिलाई बिगो बमोजिम जरिबाना वा तीन महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

(३) कुनै सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि कसैले दर्ता गराएको रहेछ भने सो दर्ता बदर हुनेछ । सो बमोजिम दर्ता बदर गराउन कुनै हदम्याद हुने छैन ।

## परिच्छेद - ४

## विविध

११. **अधिकार प्रत्यायोजन:** (१) अदालत बाहेक अन्य कुनै अधिकारी वा संस्थालाई यो ऐन वा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम प्राप्त भइरहेको अधिकारहरूमध्ये सबै वा केही नेपाल सरकारले

---

☑ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।
✕ केही नेपाल ऐन (संशोधन) ऐन, २०४१ द्वारा खारेज ।
❍ केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा थप ।